# विद्यालय शिक्षामा पठन सिप कार्यान्वयन सम्बन्धी अवधारणा

✍ *पुरुषोत्तम घिमिरे* *

वर्तमान समयमा विश्वव्यापी रूपमा औपचारिक शिक्षालाई तहगत गरिएको छ । तहगत गर्दा सम्बद्ध तहमा हासिल गर्नुपर्ने सिकाइमा आधारित सक्षमता निर्धारण गर्ने गरिएको छ । यस क्रममा औपचारिक शिक्षालाई प्रारम्भिक बाल विकास, आधारभूत, माध्यमिक, प्रवीणता, स्नातक र स्नातकोत्तर तहमा बाँडिएको छ । प्रारम्भिक बाल विकास तहमा खेल्न, बोल्न र गाउन सक्ने लक्ष्य लिइएको छ । यसकै आधारमा सक्षमता निर्धारण गरिएका छन् । आधारभूत तहमा पढ्न, बुझ्न, धारणा विकास गर्न र क्रियात्मक व्यवहारको अभ्यास गर्न सक्ने सक्षमता निर्धारण गरिएका छन् । माध्यमिक तहमा समाजको अवलोकन गरी सामाजिकीकरणमा सहयोग गर्न, प्रशिक्षित हुन, समालोचनात्मक विचार दिन र आत्म मूल्याङ्कन गरी निर्णय गर्न सक्ने लक्ष्य तोकिएका छन् । प्रवीणता तहमा नयाँ सोच दिन, मूल्य मान्यताबाट प्रभावित भई विस्तार गर्न तथा प्रशिक्षण लिन र दिन सक्ने उद्देश्य राखिएका छन् भने स्नातक तहमा प्राप्त ज्ञान सिपलाई व्यवहारमा लागु गर्न, ज्ञान सिप, धारणा र अनुभवलाई एकीकृत गर्न, प्राप्त उपलब्धिलाई नियमित गर्न, परिस्थितिअनुसार व्यवस्थित हुन तथा नियम, समय, सन्दर्भ आदिका आधारमा प्रशासन चलाउन सक्ने लक्ष्य लिइएका छन् । स्नातकोत्तर तहमा भने विज्ञता प्रदर्शन गर्न, सिर्जना गर्न र दार्शनिक आधार तय गर्न सक्ने लगायतका लक्ष्य लिइएका छन् । यस क्रममा पठन सिप आधारभूत तह वा विद्यालय शिक्षाका प्रारम्भिक कक्षाको सेरोफेरोमा कार्यान्वयन गर्न लागिएको छ । उल्लिखित सन्दर्भमा आधारित भई यस लेखमा विषय प्रवेश, सिकाइको पूर्व तयारी र गुणस्तरीयताका लागि पढाइ, सस्वर वाचनमा केन्द्रित पठन सिप, पठन सिप सम्बद्ध पक्षमा आएको परिवर्तन, पठन सिप विकासका तह र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## १. विषय प्रवेश

बदलिँदो संसारमा सिकाइका लागि पढाइ बाल बालिकाको आधारभूत अधिकार हो (EQUIP1, 2009 : report, page(2) । पढाइ उच्च दक्षतामा आधारित सिकाइको आधारभूत सिप हो (Gove, A. and p. Cvelich, 2010) । साक्षरता प्राप्तिका लागि गरिएका सार्थक उल्झन वा प्रयास वैयक्तिक जीवनका लागि मात्र नभएर समाजका लागि पनि उपयोगी सिद्ध हुनुपर्छ भन्ने तथ्य धेरै प्रमाणहरूले सिद्ध गरेका छन् (Heckman, J., 2002) । मुद्रित प्रतिबाट अर्थ निकाल्नु नै पढाइ हो (Ralaingita, 2015, PPT) । अत: पढाइ सिकाइको मेरुदण्ड हो । अधिकांश व्यक्तिले सिकाइलाई पूर्णता दिन पढाइलाई प्रमुख माध्यम बनाएको

**पाठ्यक्रम अधिकृत, पाठ्यक्रम विकास केन्द्र*

पाइन्छ । यसर्थ सुरुआती कक्षाको पढाइले हरेक विद्यार्थीको भविष्यमा शैक्षिक सफलताको सुनिश्चितता गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । हाल सुरुआती कक्षाको पढाइलाई साक्षरताका उद्देश्यसँग एकीकृत गर्ने प्रयासले प्राथमिकता पाउँदै गएको पाइन्छ ।

एक्काइसौँ शताब्दीको सुरुआत सँगसँगै सिकाइका विधि तथा प्रक्रियामा विविधता ल्याइयो । यसका लागि धेरैभन्दा धेरै अनुसन्धान पनि गरिए । यस क्रममा अनुसन्धानमा आधारित ज्ञानलाई पढाइ सिप विकासका लागि उपयोग गर्ने रणनीति कार्यान्वयन गरियो । उक्त कार्यका लागि अमेरिकामा सन् १९९७ मा चौध सदस्यीय राष्ट्रिय पठन समूह गठन गरियो । यस समूहले सन् १९६६ पछि प्रकाशित करिब एक लाख अनुसन्धानमूलक लेख रचनाको मूल्याङ्कन गरी सन् २००० मा Children to Read सम्बन्धी प्रतिवेदन तयार गऱ्यो । सन् २००१ मा उक्त प्रतिवेदनमा आधारित भई National Institute for Literacy ले Put Reading first नामक पुस्तक प्रकाशित गऱ्यो । यस प्रतिवेदनमा पर्दापछाडि रही कार्य गरेका अमेरिकाको National Institute of Child health and Human Development र यसका निर्देशक Reid lyon को विशेष योगदान रहेको पाइन्छ । Lyon Reid, 1999 र उनको संस्थाले करिब ४०,००० विद्यार्थीमा गरिएका अनुसन्धानको प्राप्तिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ (Cecil and Ann, 2005) :

- अत्यावश्यकीय पठन सिपको विकासका लागि ध्वनि सम्बन्धी सिप, ध्वनिशास्त्र सम्बद्ध सिप, विषय वस्तु पठन तथा पठन बोधको प्रयोग आवश्यक हुन्छन् ।
- आधारभूत पठन सिप विकास गर्न प्रारम्भिक साक्षरता र भाषिक अनुभव महत्त्वपूर्ण हुन्छन् ।
- प्रारम्भिक बाल विकास तथा कक्षा एकका विद्यार्थीहरू, जो पठन सिप प्रयोगका आधारमा अधिक जोखिम युक्त रहन्छन्, उनीहरूलाई लक्षित गरी कम खर्चिलो छनोट, मापन तथा लेखाजोखा विधि उपयोग गर्नुपर्छ ।
- बालकको तुलनामा बालिकाहरूमा पठन सिप सम्बद्ध समस्या पहिचान र समाधान गर्न सकिएको छैन ।
- सबै शैक्षिक लक्ष्य, विधि तथा दर्शनहरू पठन सिप विकास गर्न उपयुक्त हुँदैनन् ।
- पठन सिपको उपयोगमा समस्या रहेका विद्यार्थीहरूका लागि शैक्षिक लक्ष्य हासिल गर्न स्पष्ट तथा प्रक्रियागत विधि तथा प्रक्रियाको खोजी भएको छ ।

पठन सिप भाषिक क्षमता विकास तथा सञ्चारलाई प्रभावकारी बनाउने मुख्य लक्ष्यका सुरु भएको हो । भाषिक क्षमता विकासका लागि गति, यति र लयको अभ्यास, शब्द भण्डार वृद्धि तथा रचना सामर्थ्य, भावबोध र उच्चारण संस्कार एवम् सुधारको विशेष स्थान रहन्छ । हाल भाषिक सिप विकासका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार ओटा सिप अभ्यासमा रहेका छन् । सन् २००० मा उल्लिखित राष्ट्रिय पठन समूहले भाषिक सिप विकासको अभ्यासलाई निम्नानुसार पुनःसंरचित गऱ्यो :

(क) ध्वनिग्राम/फोनिम सचेतीकरण (**Phonemic Awareness**) : ध्वनि र मात्रामा केन्द्रित हुने, जोड्ने, हटाउने, मिश्रण गर्ने, खण्डित गर्ने तथा संश्लेषण गर्ने कार्यमा आधारित क्रियाकलापहरू ।

(ख) ध्वनिशास्त्र/हिज्जे (**Phonics**) : लिखित वर्ण र ध्वनिको सम्बन्ध स्थापन तथा उच्चारण ढाँचा व्यवस्थापन ।

(ग) प्रवेग (**Fluency**) : गति, यति र लयको अभ्यास ।

(घ) शब्द भण्डार (**Vocabulary**) : शब्द संरचना (मौखिक तथा लिखित) र अर्थ बोध ।

(ङ) बोध (**Comprehension**) : बुझाइसहितको पढाइ र उपयोग ।

भाषिक सिप विकासका लागि निर्धारित पाँच ओटा प्रारम्भिक क्षणचित्रले प्रारम्भिक कक्षामा पठन सिपमा आधारित क्रियाकलापहरूलाई प्रतिबिम्बित गर्छ (Brunette, 2007) । उल्लिखित आधारहरूमा केन्द्रित भई EGRP मार्फत् विश्वभरका एकचालिस देशका चौहत्तर भाषामा प्रारम्भिक कक्षामा पठन सिप लागु गरिँदै आएको छ । यसले सिकाइका प्रभावकारिता र गुणस्तरीयता कायम गर्ने विश्वास गरिएको छ ।

## २. सिकाइको पूर्व तयारी र गुणस्तरीयताका लागि पढाइ

बेन कार्सन र उसका दाजु आमासँग बस्थे । उनी अर्काको घरमा सहयोगीको काम गर्थिन् । उनी सामान्य लेखपढ गर्न सक्थिन् । बेन कार्सन पढाएको राम्ररी बुझ्दैनथे । गृहकार्य र कक्षाकार्य पनि गर्दैनथे । उनकी आमा छोराहरूको व्यवहार देखेर दिक्क थिइन् । उनले बेन कार्सनको बानी सुधार्न हरेक उपाय गरिन् तर केही पत्तो लागेन । बेनकी आमा हरेक व्यक्तिले कुनै काम निरन्तर रूपमा गरेमा यो यसको बानी नै बन्छ भन्ने कुरामा स्पष्ट थिइन् । एक दिन उनले छोराहरूसामु उनको विश्वासअनुरूपको प्रस्ताव राखिन् । छोराहरूलाई प्रत्येक दिन नजिकको सार्वजनिक पुस्तकालयमा गई केही न केही पढी लेखेर वा तयारी गरेर आउन भनिन् । यदि छोराहरूले उनको सर्त मानेमात्र घरमा टेलिभिजन हेर्न दिने बाध्यकारी नियम सुनाइन् । उनले पढ्नका लागि कुनै विषय तोकिनन् । छोराहरूलाई रुचिअनुसार अघि बढ्ने स्वतन्त्रता दिइन् (Maithily, 2014, PPT) ।

बेन र उनका दाजु आमाले बताएअनुसारका कार्यका लागि अनिच्छुक थिए तर उनीहरूसँग विकल्प थिएन । जसोतसो आमाको सर्त पालना गर्दै थिए । छरछिमेकीले बाल अधिकारका कुरा उठाए । प्रहरीकहाँ उजुरी गरिदिने धुर्की लगाए तर बेनकी आमा अझ दृढ बन्दै गइन् । प्रत्येक दिन उनी छोराहरूले ल्याएका कुरा पढेर वा लेखेर ल्याएका कुरा सुनी बुझेको अभिनय गर्थिन् । केही महिनामै सुखद सङ्केत देखा पर्न थाले । छोराहरूको त्यो पढाइ विद्यालय शिक्षाको पूर्व तयारी बन्यो । बेन कक्षाका अब्बल दर्जाका विद्यार्थीमा गनिए । पछि नसा सम्बन्धी विश्व प्रसिद्ध डाक्टर बने । टाउको जोडिएका दुई जुम्ल्याहा बालिकाको सफल अप्रेसन गरी विश्वलाई चकित बनाइदिए । अत: पढ्ने बानीको विकासले सिकाइ पूर्व तयारी गर्ने तथ्य व्यावहारिक रूपमा नै प्रमाणित हुन पुग्यो । उल्लिखित घटनाले प्रारम्भिक कक्षाका लागि पढाइ पहिलो सर्त मान्न सकिन्छ । पठन सिप विकास यसको निरन्तर अभ्यास र उपयोग प्रारम्भिक कक्षाका विद्यार्थीलाई फलदायी मान्न सकिन्छ । यसले उच्च शिक्षासम्मको पूर्वाधार तयार पार्न सहयोग गरेको तथ्य प्रमाणित हुन्छ ।

विद्यार्थीहरू वृद्धिले सुसज्जित ग्राहक वा पक्षकार हुन् जसलाई सेवा प्रवाहका दृष्टिले सधैँ खुसी राख्नुपर्छ (Tavares and Cardoso, 2009) । सिकाइका क्रममा अन्य पक्षभन्दा विद्यार्थीको रुचि, उमेर, स्तर, विद्यालय भित्र र बाहिर गरिने व्यवहार, पारिवारिक वातावरण तथा संस्कार, प्रस्तुतिमा आधारित शिक्षकको फैसला, उच्च श्रेणीको दबाब र तनाव व्यवस्थापन जस्ता पक्ष भिन्न र विशेष बन्न पुग्छन् (Willingham, Pollack and Lewis, 2002) तर हाम्रो भिन्न परिस्थिति छ । हामीले उल्लिखित पक्षमा सघन रूपमा मन्थन गर्न सकेका छैनौँ । हिजोआज विद्यार्थीहरू कुनै फिल्म हेर्नु अघि प्राय: त्यसको नायक, नायिका, कथा र अन्य पक्षका बारेमा धेरै सोधखोज गर्छन् । त्यसका बारेमा सकेसम्म धेरै जानकारी लिएर जान्छन् तर विद्यालयका कक्षामा भने कुनै तयारी नगरी जान्छन् । यसले गर्दा कक्षामा प्रवेश गर्नुअघि विद्यार्थीको पूर्व तयारी पुगेको हुँदैन । साथै ४५ मिनेटमा कक्षामा अपेक्षित सबै क्रियाकलाप गर्न सम्भव हुँदैन । फलस्वरूप विद्यार्थीले शिक्षकले बताएकै कुरालाई अन्तिम सत्य मान्न पुग्छन् । नेपालको परिप्रेक्ष्यमा त अधिकांश शिक्षक पनि पूर्व तयारीका साथ कक्षाकोठामा पुग्ने कुरा विवादित सत्य नै बनेको छ ।

नेपालका विद्यालयमा व्यवस्थित रूपमा पुस्तकालयको सञ्चालन हुन सकेको अवस्था छैन । सिकाइका लागि सूचना तथा प्रविधिको उपयोग गर्न सकिएको छैन । यस कारण तोकिएको पाठ्य पुस्तक वा सामग्री नै उनीहरूको एक मात्र साध्य बन्न पुग्छ । फलस्वरूप नेपालमा विद्यार्थीहरू निर्धारित लक्ष्य हासिल गर्न असफल देखिन्छन् । सार्वजनिक विद्यालयको गुणस्तरमा अपेक्षित सुधार हुन सकेको छैन । निजी विद्यालयमा पढाइको सट्टा सुगा रटाइ हुन्छ भनी आलोचकहरूले प्रश्न गर्ने गरेका छन् । पढाइ तथा रटाइमा आकाश र पातलको जस्तो भिन्नता रहेको छ । यसै पनि पठन सिप प्रारम्भिक कक्षाबाट कार्यान्वयन हुने भएकाले पढाइ सिप विकासका लायि अभिभावकको सहयोगले महत्त्वपूर्ण भूमिका खेल्ने निश्चित छ । यदि अभिभावकले विद्यार्थीलाई पूर्व तयारीका साथ कक्षामा प्रवेश गर्न सहयोग गरे भने शिक्षक बिनातयारी कक्षामा टिक्न सक्दैनन् । स्वत: शिक्षण सिकाइमा गुणस्तरीयता कायम हुन्छ ।

सिकाइले अनुभव, ज्ञान, सिप, प्रयोग, मूल्याङ्कन, विश्लेषण, सिर्जना र उन्नतिमा आधारित भई सपना देखाउन सिकाउनुपर्छ । जसले सपना देखी चुनौती र अवसरलाई ग्रहण गर्न सिक्छ, त्यो नै सफल हुन्छ भन्ने मान्यतामा आधुनिक समाज विश्वस्त देखिन्छ । भारतीय पूर्व राष्ट्रपति एपीजे अब्दुल कलाम त यसमा सबैभन्दा स्पष्ट देखिन्छन् । उनी भन्छन्, "यदि तिमीसँग कुनै सपना छ भने त्यो सुत्दा आउँदैन किनभने त्यसले तिमीलाई सुत्न दिँदैन ।' अत: सिकाइले विद्यार्थीलाई सपना देख्न सिकाउनै पर्छ । कक्षाकोठाको सेरोफेरोमा सिकाइलाई सीमित गरियो भने यसले यथार्थता र व्यावहारिकताको केही मात्रामा मात्र सम्बोधन गर्छ तर सिर्जनामा भने त्यसमा पनि सन्देह रहने गर्छ । सिर्जनाले भावी योजनामा रमाउन सिकाउँछ । भावी योजनाले सपना देख्न अभ्यस्त गर्छ । अत: पूर्व तयारीमार्फत कक्षाकोठाको सिकाइलाई प्रभावकारी बनाई भावी योजना निर्माणसम्म पुऱ्याउन अत्यावश्यक देखिएको हो ।

### ३. सस्वर वाचनमा केन्द्रित पठन सिप

कथ्य भाषा पढाइ र लेखाइको मुख्य आधार हो (Snow, 1983) । पढाइ कठिन कला हो, जसले ज्ञानका बहु क्षेत्र, मनोविज्ञान तथा सामाजिक क्षमताको संलग्नताका माध्यमले पाठकको सफलता सुनिश्चित गर्छ (Snow, Burns and Griffin, 1998) । लिखित शब्द, वाक्य, अनुच्छेद आदि बुझेर अध्ययन गर्ने कार्यलाई पढाइ भनिन्छ । कुनै शब्द, वाक्य आदिको आवाजसहित उच्चारण गर्नु बोलाइ हो भने शब्द, वाक्य, अनुच्छेद आदिको अर्थ बुझी गति, यति र लयसहित सस्वर वा मौन रूपमा अध्ययन गर्नु पढाइ हो । हामी सूचना प्राप्त गर्न, ज्ञान तथा अभिवृत्ति हासिल गर्न, आनन्द र मनोरञ्जन लिन, परीक्षाको तयारी गर्न, हाम्रा इच्छा र आवश्यकता पुरा गर्न एवम् कुनै समस्याको समाधान गर्नका लागि पढ्ने गर्छौं ।

पढाइ र बोलाइमा भिन्नता पाइन्छ । बोलाइको प्रमुख आधार प्रस्तुति हो भने पढाइको आर्जन । बोलाइमा पचपन्न प्रतिशत मुखाकृति (आँखाको सम्पर्क वा जुधाइ, शीघ्र दृष्टिपातको क्रम र प्रस्तुति), अठतिस प्रतिशत बोली (स्वरको सुर वा लय, उच्चता, स्थिरता, घात र विश्राम) तथा सात प्रतिशत क्रियात्मक अवस्था (प्राविधिक शब्दको सही प्रयोग) को मिश्रण रहन्छ (Maithily, 2014, PPT) । पढाइमा भने हिज्जे, उच्चारण प्रक्रिया, प्रवाह, सञ्चय तथा बोधको विशेष स्थान रहन्छ । यसमा उल्लिखित क्षेत्रको सन्तुलित वितरण अर्थात् समान अस्तित्व रहेको पाइन्छ । अत: हरेक पाठकले ध्वनि, घात र अर्थको ख्याल गरी पढ्नुपर्छ । साथै वर्ण, शब्द, वाक्यांश, वाक्य, अनुच्छेद, कथा, कविता, जीवनीलगायतका विधागत एवम् उच्चारण सम्बन्धी नियमलाई ध्यान दिनुपर्छ । अत: पठन सिप निश्चित समयमा कति शब्द पढ्न सकियो भन्दा पनि पढाइ के, कसरी, कति र कुन उद्देश्यका लागि गरिएको हो भन्नेमा कार्यान्वयन कर्ता वा अभ्यास कर्ता स्पष्ट हुन जरुरी छ । पठन गति बढाउँदा लक्ष्यलाई गुणस्तरीयतासँग जोड्न आवश्यक छ । यसका लागि निम्नानुसारका पक्षमा ध्यान दिन जरुरी देखिन्छ (Cecil and Ann, 2005) :




पढाइका सस्वर वाचन र मौन पठन गरी दुई अभ्यास प्रचलनमा रहेका छन् । सस्वर वाचन ध्वनि सचेतीकरण, ध्वनिग्रामको उपयोग, हिज्जे, प्रवाह र बोध सम्बद्ध अभ्यासका लागि उपयोगी मानिन्छ । मौन पठनका सार निकाल्नु, ठिक ढङ्गले परीक्षा गर्नु, सघन रूपमा अध्ययन गर्नु र व्यापक रूपमा ज्ञान हासिल गर्नु गरी चार ओटा अभ्यास प्रभावकारी मानिन्छन् । यसमध्ये आफ्नो पढाइबाट सार खिच्न पहिलो अभ्यास, मुख्य मुख्य तथ्य, तिथिमिति वा तथ्याङ्क लिन दोस्रो, बोधगत अभ्यास तथा शब्द भण्डार वृद्धिका लागि तेस्रो

र कुनै विषय क्षेत्रबाट आनन्द लिन वा त्यसको विस्तारका साथै उच्चारण सामर्थ्य वृद्धिका लागि चौथो अभ्यासलाई उपयोग गरिन्छ । अत: उक्त अभ्यासलाई विविध विषय क्षेत्र वा आधारमा विभाजन गरी त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न जरुरी देखिन्छ ।

### ४. पठन सिप सम्बद्ध पक्षमा आएको परिवर्तन

हिजोआज साना नानीहरूले आफ्नो पढ्ने बानीमा न्यूनता ल्याइरहेका छन् । यस्तो सुधार योग्य बानीलाई दिनानुदिन विस्तार पनि हुँदै छ । विगतमा स्तोत्र, मन्त्र र तन्त्र कण्ठस्थ गरी दैनिक अभ्यास गर्ने हामी दैनिक पत्र पत्रिकाको सामान्य तरिकाले सस्वर वाचनमा पनि पछि पर्न थालेका छौँ । गति, यति र लयमा त थुप्रै सुधार गर्नुपर्ने तथ्य स्पष्ट नै छ । विकासोन्मुख देशका करिब पच्चिस करोड विद्यार्थी जसले प्राथमिक तह पार गरेका छन् तिनीहरू आधारभूत र चलन चल्तीमा रहेका शब्दलाई गति, यति र लयसहित अपेक्षित मापदण्डअनुसार सस्वर वाचन गर्न असफल रहेका देखिन्छन् । विगतमा पठन सिप विकासका लागि पढाइ पूर्वको तयारी, कार्ड वा चित्रका आधारमा पढाइ, अनुवाचन, सहवाचन, समूह वाचन, कण्ठस्थीकरण वा स्मृति वा प्रत्यावर्तन, वाक्य निर्माण तथा परिवर्तन, भूमिका अभिनय, प्रश्नोत्तर, छलफल, संवाद आदिलाई आधारका रूपमा अभ्यास गरिँदै आइएको थियो । यस क्रममा पठन सिपलाई ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण प्रवेग शब्द भण्डार र बोध गरी पठन सिपलाई पाँच क्षेत्रमा आधारित गरिएको छ । विगतमा प्रयोग गरिएको Phonemic Awareness को सट्टा Phonological Awareness तथा Phonics को सट्टा Grapho-Phonemic Awareness नामकरण गरिएको छ ।

ध्वनि सचेततीकरणभित्र एकचित्त वा एकाग्र हुनु, ध्वनिको सही प्रयोगका लागि तयार गर्नु वा प्रस्तुत गर्नु एवम् ध्वनिको संश्लेषण तथा विश्लेषण गर्नुलाई प्रमुख आधार बनाइएको छ । यसलाई निम्नानुसार प्रस्तुत गर्ने गरिन्छ (Ralaingita, 2015, PPT) :




हिज्जे व्यवस्थापनमा लिखित वर्ण र ध्वनिबिच सम्बन्ध स्थापित गर्नु तथा हिज्जे मिलाउनुलाई प्रमुख आधार बनाइएको छ (Ralaingita, 2015, PPT)।

प्रवाहअन्तर्गत पढाइमा गति, विविधता, शुद्धता र हाउभाउलाई प्रमुख आधार बनाइएको छ । शब्द भण्डारमा शब्द सञ्चय (लिखित र मौखिक) र तिनको अर्थ एवम् प्रयोगलाई आधार बनाइएको छ । बोधअन्तर्गत विशेषत: पढाइ र लेखाइ सम्बन्धी ज्ञान तथा अभिवृत्तिको उपयोग वा अभ्यासको विविधतालाई जोड दिइन्छ (Gove, A. and p. Cvelich, 2010) । बोधमा सुनाइ सिपलाई पनि समावेश गर्ने प्रचलन बढ्दो छ । पठन सिपमा आएका उल्लिखित परिमार्जनभित्र परम्परागत अभ्यासलाई पनि अटाउने सोच वर्तमानमा हाबी हुँदै गएको  पाइन्छ । यो स्वाभाविक तथा सान्दर्भिक पनि हो ।




एकचालिस देशमा ब्राजील, केन्या, लाइबेरिया, नेपाल लगायतका देश पर्दछन् । यस क्रममा । उक्त भाषाहरूमा आधारित भई पठन सिप गरेको पाइन्छ । यसलाई TRI ले पटक पटक उद्भवात्मक साक्षरतालाई लिइएको पाइन्छ । त्र वा वस्तुलाई भाषामा प्रस्तुत गर्ने अभ्यास, तिलाई प्राथमिकता दिइन्छ । दोस्रो तहमा प्रस्ट तहमा ध्वनि र सङ्केतबिचमा तालमेल गर्ने, मुद्रित हिज्जेमा ध्यान केन्द्रित गर्ने, सङ्केतअनुसार हिज्जे तथा हिज्जेअनुसार सङ्केत लेखन सम्बन्धी अभ्यास गर्ने कार्यलाई जोड दिइएको छ । तेस्रो तहमा पुष्टि र गति सम्बन्धी कायलाई समावेश गरिएको छ । यस तहमा पढाइमा गति प्रदान गर्ने, शब्द संरचनाको पहिचान गर्ने, अर्थ र भावबिचमा सम्बन्ध कायम गरी उपयोग गर्ने तथा उपयोग र अभ्यास गरिएका शब्दको भण्डार गर्ने कार्यलाई क्रमबद्ध गरेको पाइन्छ ।

चौथो तहमा पढाइलाई कुनै एक लक्ष्यका साथ गरिने सिकाइका रूपमा प्रस्तुत गरिएको छ । यस तहमा पढाइलाई सिकाइको एक साधनका रूपमा उपयोग गर्ने, पठन रणनीतिलाई उपयोग गर्ने, पढाइलाई शब्द भण्डारका लागि विस्तार गर्ने र कुनै एक उद्देश्यका साथ बोधगत अभ्यास गर्ने कार्यलाई सूत्रबद्ध गरिएको छ । पाँचौ तहमा पढाइलाई बहुलक्ष्यमा आधारित भई गरिने सिकाइलाई व्यवस्थित गरिएको छ । यस क्रममा पढाइलाई विश्लेषण गर्ने, विषय वस्तुलाई समालोचनात्मक व्यवहार गर्ने, विविध तथ्य र धारणामा केन्द्रित भई सार खिच्ने र बहूद्देश्यका लागि उपयोग गर्ने गरी कार्यलाई प्राथमिकीकरण गरिएको छ । अन्तिम तहमा भने पढाइलाई विश्वव्यापी मान्यताका आधारमा विकसित गर्ने लक्ष्य लिइएको छ । यस क्रममा उद्भवात्मक साक्षरतालाई जन्मदेखि कक्षा १ सम्म, प्रदर्शित गर्ने कार्यलाई कक्षा १ को सुरुआत चरण, पुष्टि र गतिलाई कक्षा १ देखि ३ सम्म, कुनै एक लक्ष्यका साथ गरिने सिकाइका रूपमा प्रयोग गरिने सिकाइलाई कक्षा ४ देखि ८ सम्म, पढाइलाई बहुलक्ष्यमा आधारित भई गरिने सिकाइलाई माध्यमिक तथा प्रवीणता तह र उच्च शिक्षामा विश्वव्यापी मान्यताका आधारमा विकसित गर्ने गरी तहबद्ध गरिएको छ ।

## ६. निष्कर्ष

पठन सिप कार्यान्वयन गर्नु सिकाइलाई सुनिश्चित गर्ने एक माध्यम हो । सुरुआती कक्षाको पठन सिपको सघन अभ्यासले भविष्यमा शैक्षिक सफलताको सुनिश्चितता गर्छ । हाम्रा पुर्खाले यसलाई अभ्यासद्वारा प्रमाणित गरिदिएका थिए । उनीहरूले यसलाई गुरुकुल शिक्षा पद्धतिको प्रमुख आधारका रूपमा स्थापित गरिदिएका थिए । यसर्थ पठन क्षमतालाई सिकाइका साधनका रूपमा उपयोग गर्दा अपेक्षित ज्ञान तथा सिप हासिल गर्ने कार्यमा विद्यार्थी सफल रहेको तथ्य विकसित राष्ट्रबाट हामीले ग्रहण गर्न सक्छौँ । यो प्रारम्भिक कक्षाका बाल बालिकाको प्रस्तुतिको अभिलेखीकरण गरी त्यसको सुधारमा केन्द्रित रहन्छ । यो शिक्षकहरूले गरेका अभ्यासमा आमूल परिवर्तन गर्न वा हुबहु प्रयोग गर्ने लक्ष्यका साथ सुरु गरिएको भने होइन । यसले हरेक विद्यार्थीको सिकाइलाई सुरक्षित गर्नेभन्दा उनीहरूले सिक्ने प्रक्रियाको अनुगमन गर्ने, समस्या र कारण पहिचान गर्ने एवम् उपचार गर्ने प्रक्रियाको अनुकूलन र प्रयोगलाई जोड दिन्छ । अत: हामीले हाम्रा गतिविधिलाई सरल र स्पष्ट पारी दीर्घकालीन रणनीतिका साथ अघि बढ्न सान्दर्भिक हुने देखिन्छ ।

## सन्दर्भ सूची

Roskos, Dr. Kathy, Strickland, Dr. Dorothy and others : September 2009, First Principles for Early Grades Reading Programs in Developing Countries, USAID.

Gove, A. and p. Cvelich, 2010, Early reading M Lgniting Education for All, a report by the Early Grade Learning Community of Practice.

Heckman, J., 2002, Human Capital : Investing in Parents to facilitate positive outcomes in young children, in The first eight years : Pathways to the future (pp. 6-15), Washington, DC.

Ralaingita, Wendi, Early Grade Reading CDC Orientation**,** 5 June, 2015, PPT : RTI International, Research Triangle Park, North Carolina, USA

Cecil D. Mercer and Ann R. Mercer, 2005 : Teaching Students with Learning Problems, seventh edition, Upper Saddle River, New Jersey, Columbus, Ohio.

Brunette, T. 2007, Reading activities in US-aid supported basic education programs Washington, DC : American Institutes of Research.

Maithily, Dr. S. 2014, PPT : MOTHER'S ANSWER, National Institute of Technical Teacher Training and Research, Taramani, India.

Tavares, O., & Cardoso, S., Enrolment choices in Portuguese higher education: do students behave as rational consumers? Higher Education, 66, 297–309, (2009)

Willingham, W. W., Pollack, J. M., & Lewis, C. (2002). Test scores: Accounting for observed differences. Journal of Educational Measurement, 39(1), 1–37.

Snow, C.E. (1983) Literacy and language : Relationships during the preschool years, Harvard Educational Review 53, 165-189.

Snow, C.E., Burns, M.S and Griffin, P. (1998): Preventing reading difficulties in young children. Washington DC, National academy Press.

Maithily, Dr. S. 2014, PPT : *EFFECTIVE COMMUNICATION SKILLS*, National Institute of Technical Teacher Training and Research, Taramani, India

♦♦♦